**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६५ वैशाख १२**

---

# उच्चायुक्तको कार्यालय-नेपालद्वारा बेपत्ता पार्ने कार्यसम्बन्धी कानुनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउन आह्वान

नेपाल सरकारले व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) अध्यादेश २०६५ लाई प्रतिस्थापन गर्ने एउटा विधेयक विचारार्थ व्यवस्थापिका-संसद्मा पेस गरेको छ। बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने तथा सत्य, न्याय र परिपूरणसम्बन्धी पीडितहरूको अधिकारलाई सम्बोधन गर्नुपर्ने अत्यावश्यकताका सन्दर्भमा बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग स्थापना गर्ने सरकारका प्रयासहरूको उच्चायुक्तको कार्यालय-नेपाल समर्थन गर्छ। सरकारले बेपत्ता पार्ने कार्यका लागि सजायलाई बढाएर अधिकतम दश वर्ष र अदालतमा मुद्दा दायर गर्ने हदम्यादलाई एक वर्ष पुऱ्याई पहिलेका मस्यौदाहरूमा सुधार ल्याउने प्रयास गरेको छ भन्ने कुरालाई उच्चायुक्तको कार्यालय-नेपाल स्वीकार गर्छ। दुर्भाग्यवश, यी परिवर्तनहरूका बाबजुद उक्त विधेयक अझै अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको हुन सकेको छैन। सो विधेयक अन्तर्राष्ट्रिय कानुनअनुरूप र नेपालको सर्वोच्च अदालतले बेपत्ता पार्ने कार्य सम्बन्धमा २०६४ जेठमा गरेको फैसलामा आवश्यक ठहर गरेअनुरूप होस् भन्ने राष्ट्रिय मानवअधिकार आयोग एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक समाज सङ्गठनका सरोकारहरू जस्तै आफ्ना पनि सरोकारहरू भएको कुरा उच्चायुक्तको कार्यालय-नेपाल व्यक्त गर्छ।

तसर्थ, उच्चायुक्तको कार्यालय-नेपाल नागरिक समाज, मानवअधिकार समुदाय तथा पीडितका समूहहरूले उठाएका सरोकारहरूलाई पनि आफ्नो छलफलका क्रममा ध्यानमा राख्न व्यवस्थापिका-संसद्लाई प्रोत्साहन गर्छ। यसले विधेयकको अपराधीकरणसम्बन्धी प्रावधानहरू अन्तर्राष्ट्रिय कानुनअनुरूप हुने तथा प्रस्तावित आयोगले प्रभावकारी रूपमा र आमजनताको व्यापक सहयोग लिएर काम गर्न सक्ने कुरा सुनिश्चित गर्नेछ।

सरकारसमक्ष पेस गरिएका उच्चायुक्तको कार्यालयका सिफारिसहरूमध्ये देहायका छन्:

- अपराधको गम्भीरतालाई प्रतिविम्बित गर्न बेपत्ता पार्ने कार्यका लागि सजाय थप बढाउने र न्यूनतम सजाय तोक्ने,
- मानवताविरुद्धको अपराधको आरोप लागेका घटनाहरूमा खुला समयावधिसहित हदम्यादको समयावधिलाई थप बढाउने,
- अन्तर्राष्ट्रिय रूपमा स्वीकृत परिभाषाअनुरूप हुनेगरी बेपत्ता पार्ने कार्यको परिभाषालाई संशोधन गर्ने,
- निर्दोषिताको पूर्वानुमानको सम्मान गर्दै प्रमाणको भार प्रतिवादीमा नभई राज्यमाथि रहने कुरा सुनिश्चित गर्ने,
- आयुक्तहरूको नियुक्ति प्रक्रिया स्वच्छ, परामर्शकारी र पारदर्शी हुने तथा नियुक्त आयुक्तहरू स्वतन्त्र, निष्पक्ष र दक्ष हुने कुरा सुनिश्चित गर्ने सुरक्षात्मक उपायहरू थप्ने,

**For further information contact Marty Logan, Tel.: 428 0164 (Ext.321); 98510 16922 (mobile), mlogan@ohchr.org, or Chun Gurung, tel: 4280164, ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**

- आयोगको कार्यदिश, अधिकार र कार्यक्षमता स्पष्ट पार्ने प्रावधानहरू थप्ने तथा यसका कार्यहरूलाई अधिकतम पारदर्शी बनाउने, तथा

- साक्षीहरूको संरक्षण तथा भलाइसम्बन्धी प्रावधानहरूमा सुधार गर्ने।

"शान्ति प्रक्रियामा तथा मानवअधिकारको संरक्षण तथा पूर्तिका लागि बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने र जाँचबुझ आयोग स्थापना गर्ने कार्य महत्त्वपूर्ण अग्रगामी कदम हुन्", मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले भन्नुभयो। "यी कदमहरूलाई प्रभावकारी र दिगो बनाउन, सो कानुन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हुने र नेपाली जनताको पूर्ण विश्वास पाउनेगरी प्रस्तावित आयोगको गठन गरिने कुरा सुनिश्चित गर्न म सरकार र व्यवस्थापिका-संसद्सँग आग्रह गर्छु।"

**For further information contact Marty Logan, Tel.: 428 0164 (Ext.321); 98510 16922 (mobile), mlogan@ohchr.org, or Chun Gurung, tel: 4280164, ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**